# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, फागुन ३ गते, २०८० साल (संख्या ५५

## भाग ३

### नेपाल सरकार

### स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको

### सूचना

### रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समिति (गठन) आदेश, २०८०

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समिति (गठन) आदेश, २०८०" रहेको छ।

(२) यो आदेश तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले दफा ११ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "प्रतिष्ठान" भन्नाले सङ्घीय कानून बमोजिम स्थापना हुने रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्झनु पर्छ।

(च) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ।

(छ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समिति सम्झनु पर्छ।

३. **समितिको गठनः** (१) प्रतिष्ठानको भौतिक तथा संस्थागत पूर्वाधार तयार गर्न रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समिति गठन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्य रहनेछन्:–

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट चिकित्सा शिक्षा विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी प्राध्यापक पदमा कम्तीमा तीन वर्षको कार्य अनुभव भएका वा नेपाल सरकारको स्वास्थ्य सेवाको विशिष्ट श्रेणीको पदबाट अवकाश प्राप्त गरेका व्यक्तिहरूमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति -अध्यक्ष

(ख) मन्त्रालयले तोकेको मन्त्रालयको एघारौं तहको कर्मचारी -सदस्य

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट चिकित्सा शिक्षा विषयमा स्नातकोत्तर उपाधि हासिल गरेका र चिकित्सा विज्ञानको क्षेत्रमा कम्तीमा दश वर्षको कार्य अनुभव हासिल गरेका व्यक्तिहरूमध्येबाट नेपाल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारबाट मनोनीत एकजना -सदस्य

(घ) सचिव, मधेश प्रदेशको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(ङ) प्रमुख, राजविराज नगरपालिका -सदस्य

(च) कार्यकारी निर्देशक -सदस्य-सचिव।

(३) उपदफा (२) को खण्ड (क) बमोजिम नियुक्त र खण्ड (ग) बमोजिम मनोनीत सदस्यको पदावधि दफा १८ को अधीनमा रही समितिको कार्यावधिसम्म कायम रहनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिम नियुक्त तथा मनोनीत सदस्यको कार्यसम्पादन सन्तोषजनक नभएमा वा निजले इमान्दारीपूर्वक पदीय दायित्व पालना नगरेमा वा गर्न नसक्ने भएमा निजलाई नेपाल सरकारले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनुअघि निजलाई सफाई पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

४. **<u>सदस्यको योग्यता</u>** : देहायको योग्यता पुगेको व्यक्ति सदस्य पदमा नियुक्त वा मनोनीत हुन योग्य मानिनेछ :–

(क) नेपाली नागरिक,

(ख) पैंतीस वर्ष उमेर पूरा भएको,

(ग) पैसठ्ठी वर्ष उमेर ननाघेको,

(घ) उच्च नैतिक चरित्र भएको,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) प्रचलित कानून बमोजिम अयोग्य नभएको।

५. **सदस्यको अयोग्यता** : देहायको व्यक्ति सदस्य पदमा नियुक्त वा मनोनीत हुन वा त्यस्तो पदमा बहाल रहन योग्य हुने छैन :–

(क) दफा ४ बमोजिमको योग्यता नभएको,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण, किर्ते वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा रहेकोमा सो अवधिभर,

(घ) दामासाहीमा परेको,

(ङ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको।

६. **पद रिक्त हुने अवस्था** : (१) देहायको अवस्थामा सदस्यको पद रिक्त हुनेछ :–

(क) निजले आफ्नो पदबाट मन्त्रालयको सचिव समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) दफा ३ को उपदफा (४) बमोजिम निजलाई सदस्य पदबाट हटाइएमा,

(घ) निजको मृत्यु भएमा।

(२) उपदफा (१) बमोजिम कुनै सदस्यको पद रिक्त भएमा दफा १८ को अधीनमा रही बाँकी अवधिको लागि दफा ३ बमोजिम अर्को सदस्य नियुक्ति वा मनोनयन हुन सक्नेछ।

७. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>** : (१) यस आदेशमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) प्रतिष्ठान स्थापना गर्न आवश्यक सम्भाव्यता अध्ययन गर्ने वा गराउने र प्रतिष्ठान स्थापना र सञ्चालनका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने र स्वीकृत गर्ने,

(ख) प्रतिष्ठानको भौतिक संरचना तयार गर्न आवश्यक जग्गा प्राप्ति गर्ने,

(ग) अस्पताल क्षेत्र र यसका संरचनाको गुरुयोजना तयार गर्ने र स्वीकृत गर्ने,

(घ) खण्ड (ख) वा (ग) बमोजिमका संरचना निर्माण गर्दा प्रचलित कानून बमोजिम गर्नु पर्ने वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण गराउने,

(ङ) प्रतिष्ठान स्थापनाको लागि विषयगत भर्ना तालिका, अनुसन्धान क्षेत्र,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आवश्यक मानव स्रोत सहितको परियोजनाको प्रस्ताव तयार गर्ने र स्वीकृत गर्ने,

(च) प्रतिष्ठानमा पठन पाठन गराउने वा अनुसन्धान गराउने सम्भावित विभाग र सङ्काय (फ्याकल्टी) को सूची तयार गर्ने र स्वीकृत गर्ने,

(छ) प्रतिष्ठान स्थापना तथा सञ्चालनको लागि सङ्घीय संसदमा पेस हुने विधेयकको मस्यौदा तयारीमा आवश्यक समन्वय गर्ने,

(ज) प्रतिष्ठानसँग सहकार्य गर्नको लागि सम्भाव्य उच्च शिक्षण संस्थाहरूको सूची तयार गर्ने र सम्बन्ध स्थापना गर्ने,

(झ) प्रतिष्ठानलाई विभिन्न किसिमबाट सघाउन सक्ने स्वदेशी वा विदेशी प्राध्यापक, अनुसन्धानकर्ता र विशेषज्ञहरूको सूची तयार गर्ने,

(ञ) समितिको नीति, योजना, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ट) प्रतिष्ठानको विकाससँग सम्बन्धित अन्य विषयमा प्रदेश सरकार, जनप्रतिनिधि, स्थानीय तह, स्थानीय नागरिक समाज



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तथा अन्य सरोकारवालाहरूसँग परामर्श गरी राय सुझाव लिने,

(ठ) समितिको प्रगतिको बारेमा प्रत्येक तीन महिनामा मन्त्रालयलाई जानकारी गराउने,

(ड) प्रतिष्ठान स्थापना र सञ्चालन गर्नका लागि आवश्यक अन्य काम गर्ने वा गराउने।

८. **समितिको बैठक सम्बन्धी कार्यविधि :** (१) समितिको बैठक प्रत्येक दुई महिनामा कम्तीमा एकपटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको सदस्य-सचिवले अध्यक्षको निर्देशन बमोजिम बैठक बस्ने सूचना र बैठकको कार्यसूची बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगाडि सदस्यहरूलाई दिनु पर्नेछ।

(४) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफूहरूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) समितिले आवश्यकता अनुसार विज्ञहरूलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गर्नेछन्।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

९. **अध्यक्ष** : (१) अध्यक्ष समितिमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ।

(२) अध्यक्षको पारिश्रमिक तथा अन्य सुविधा नेपाल सरकारले निजलाई नियुक्ति गर्दाका बखत तोके बमोजिम हुनेछ।

(३) समितिको काम कारबाहीका सम्बन्धमा अध्यक्ष मन्त्रालयप्रति जवाफदेही हुनेछ।

१०. **अध्यक्षको काम, कर्तव्य र अधिकार** : यस आदेशमा उल्लिखित अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको समग्र व्यवस्थापनको सामान्य निर्देशन गर्ने,

(ख) प्रतिष्ठान स्थापना गर्न आवश्यक तयारीको कार्ययोजना तयार गरी स्वीकृतिका लागि समितिमा पेस गर्ने,

(ग) समितिको मानवस्रोत व्यवस्थापन, आर्थिक प्रशासन तथा अन्य काम, कारबाहीको सुपरीवेक्षण गर्ने र आवश्यकता अनुसार निर्देशन दिने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

(घ) स्वदेशी तथा विदेशी विश्वविद्यालय वा सङ्घ, संस्थासँग सम्पर्क राख्ने,

(ङ) तोकिए बमोजिमको अन्य काम गर्ने, गराउने।

११. **कार्यकारी निर्देशकः** (१) समितिको प्रशासकीय प्रमुखको रूपमा काम गर्न एकजना कार्यकारी निर्देशक रहनेछ।

(२) मन्त्रालयले नेपाल सरकारको कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीको कुनै अधिकृतलाई समितिको कार्यकारी निर्देशकको रूपमा कामकाज गर्ने गरी तोक्नेछ।

१२. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः** कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको नीति, योजना, बजेट तथा कार्यक्रम तयार गरी समिति समक्ष पेस गर्ने,

(ख) समितिबाट निर्णय हुनुपर्ने अन्य विषयमा प्रस्ताव तयार गरी समितिमा पेस गर्ने,

(ग) समितिको बैठकको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(घ) प्रचलित कानून बमोजिम खरिद कार्य गर्ने,

(ङ) समितिबाट भएका काम कारबाहीको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

**१३.** **<u>मानव स्रोत व्यवस्थापनः</u>** (१) समितिको कार्य सम्पादनको लागि समितिमा आवश्यक सङ्ख्यामा कर्मचारीहरू रहनेछन्।

(२) उपदफा (१) बमोजिम समितिमा रहने कर्मचारीको पद र सङ्ख्या मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिई समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) समितिले उपदफा (२) बमोजिमका कर्मचारीहरू दफा १८ को अधीनमा रही खुला प्रतिस्पर्धाका आधारमा करारमा नियुक्ति गर्नेछ।

(४) उपदफा (३) बमोजिमका कर्मचारीहरूको व्यवस्थापन नभएसम्मका लागि मन्त्रालयले नेपाल सरकारका कर्मचारीलाई काजमा खटाउन सक्नेछ।

(५) उपदफा (३) बमोजिमका कर्मचारीहरूको पारिश्रमिक, सेवाका शर्त तथा सुविधा समितिले नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिई निर्धारण गरे बमोजिम हुनेछ।

**१४.** **<u>समितिको कोषः</u>** (१) समितिको नाममा एउटा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त रकम,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) स्वदेशी सङ्घ, संस्था वा व्यक्तिबाट दानदातव्य, चन्दास्वरूप प्राप्त रकम,

(घ) विदेशी सरकार, सङ्घ संस्था, व्यक्ति वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त हुने सहयोग वा अनुदान रकम।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नुअघि समितिले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) समितिको कोषमा प्राप्त हुने रकम "क" वर्गको इजाजतपत्र प्राप्त कुनै वाणिज्य बैङ्कमा समितिको नाममा खाता खोली जम्मा गरिनेछ।

(५) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(६) समितिलाई जुन कार्यक्रम वा प्रयोजनका लागि रकम प्राप्त भएको हो सो रकम सोही कार्यक्रम वा प्रयोजनका लागि खर्च गर्नु पर्नेछ।

(७) समितिलाई थप आर्थिक दायित्व सृजना हुने देखिएमा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

(८) समितिको कोषको खाता कार्यकारी निर्देशक र आर्थिक प्रशासन शाखाको प्रमुखको हस्ताक्षरबाट सञ्चालन हुनेछ।

(९) समितिको कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. **लेखा र लेखापरीक्षण** : (१) समितिको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राख्नु पर्नेछ।

(२) समितिको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(३) मन्त्रालयले समितिको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र नगदी, जिन्सीको विवरण जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

१६. **उपसमिति वा कार्यटोली गठन**: (१) समितिले आफ्नो काममा सहयोग पुऱ्याउन आवश्यकता अनुसार विभिन्न उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य, अधिकार र कार्यावधि त्यस्तो उपसमिति वा कार्यटोली गठन गर्दाका बखत समितिले तोके बमोजिम हुनेछ।

१७. **समितिको कार्यालय**: समितिको कार्यालय सप्तरी जिल्लाको राजविराज नगरपालिकामा रहनेछ।

१८. **समितिको कार्यावधि**: (१) समितिको कार्यावधि यो आदेश प्रारम्भ भई समितिको पहिलो बैठक बसेको मितिले तीन वर्ष वा प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने सम्बन्धी सङ्घीय ऐन प्रारम्भ भएको मितिले पैंतालीस दिनमध्ये जुन पहिले हुन्छ सो दिनसम्म रहनेछ।

(२) उपदफा (१) बमोजिम समितिको कार्यावधि पूरा भएपछि समिति स्वतः विघटन हुनेछ र यसका पदाधिकारी स्वतः पदमुक्त हुनेछन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) बमोजिम समिति विघटन भएमा समितिको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति र दायित्व नेपाल सरकारको हुनेछ।

१९. **अधिकार प्रत्यायोजनः** (१) समितिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य वा समितिको कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) अध्यक्षले यस आदेश बमोजिम आफूलाई प्राप्त कुनै अधिकार कार्यकारी निर्देशक र निजको अनुपस्थितिमा समितिका वरिष्ठतम अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२०. **बैठक भत्ता वा अन्य सुविधाः** समितिका सदस्यले समितिको बैठकमा भाग लिए बापत नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृत मापदण्ड बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन्।

२१. **वार्षिक प्रतिवेदन पेस गर्ने** : (१) समितिले प्रत्येक वर्ष प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा समितिबाट भए गरेका काम कारबाहीका अतिरिक्त समितिको नीति, योजना र कार्यक्रमको कार्यान्वयनको स्थिति र त्यसको उपलब्धि तथा लागत र समितिबाट भएको वार्षिक खर्चको विवरण तथा तोकिए बमोजिमका अन्य विवरण उल्लेख गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन मन्त्रालय आफैंले वा मन्त्रालयको निर्देशनमा समितिले सार्वजनिक गर्नु पर्नेछ।

२२. **नेपाल सरकारसँग सम्पर्क**: समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

२३. **निर्देशन दिन सक्ने**: (१) मन्त्रालयले समितिद्वारा गरिने काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ।

२४. **नियम बनाउने अधिकार**: यो आदेश कार्यान्वयन गर्न समितिले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ।

२५. **विनियम र निर्देशिका बनाउन सक्ने**: यस आदेशको प्रतिकूल नहुने गरी समितिले आवश्यक विनियम तथा निर्देशिका बनाउन सक्नेछ र त्यस्तो विनियम तथा निर्देशिका मन्त्रालयको स्वीकृति प्राप्त भएपछि लागू हुनेछ।

२६. **बचाउ**: (१) रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समिति (गठन) आदेश, २०७५ को कार्यावधि समाप्त भई स्वतः विघटन भएकोले सो आदेश बमोजिम भए गरेका काम कारबाही यसै आदेश बमोजिम भए गरेको मानिनेछ।

(२) रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समिति (गठन) आदेश, २०७५ को कार्यावधि समाप्त भई स्वतः विघटन भएकोले सो आदेश



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिमको समितिको नाममा रहेको चलअचल सम्पत्ति, दायित्त्व र तत् सम्बन्धी सम्पूर्ण अभिलेख तथा कागजात समितिमा सर्नेछ।

**आज्ञाले,**
**डा. रोशन पोखरेल**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार,



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.१५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।